नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

*Ref.*

## कोभिड-१९ संक्रमणविरूद्ध उच्च सतर्कता अपनाउनुहुन राजदूतावासको अनुरोध

संयुक्त अरब इमिरेट्स (युएइ) मा विगत केही समयदेखि कोरोना भाइरसको संक्रमण फैलिरहेको देखिन्छ । युएइको स्वास्थ्य तथा रोकथाम मन्त्रालय (**Ministry of Health and Prevention**) का अनुसार ९ जनवरी २०२१ मा एकै दिन २,९९८ ओटा नयाँ संक्रमणका केसहरू देखा परेको बताइएको छ।

विशेष गरी युरोपेली मुलुकहरूमा देखा परिरहेको कोभिड-१९ को नयाँ प्रकार (**New Covid Strain**) युएइमा पनि पछिल्लो समयमा देखा परेको युएइका स्वास्थ्य निकायहरूले जनाएका छन्। कोभिड-१९ को यो नयाँ स्वरूप अझ बढी संक्रामक रहेको बताइएको छ।

यस परिपेक्ष्यमा युएइ सरकारले अवलम्बन गरेबमोजिमका स्वास्थ्य प्रोटोकलहरूको पूर्ण परिपालना गरी उच्च सुरक्षा एवं सतर्कता अपनाउनुहुन युएइस्थित नेपाली समुदायलाई अनुरोध गर्दछौं ।

साथै कोभिड-१९ संक्रमणविरुद्ध यहाँहरूले अपनाउदैं आउनुभएका निरोधात्मक उपायहरू जस्तै सामाजिक दूरी कायम गर्ने, सामाजिक जमघट, भीडभाड आदिबाट टाढै रहने, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने, मास्क एवं स्यानिटाइजरको नियमित प्रयोग गर्नेलगायतका कार्यहरू नियमित एवं अझ प्रभावकारी रूपमा पालना गर्नुहुनसमेत सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं ।

युएइ सरकारले कोभिड-१९ विरुद्धको **Vaccine** सातै इमिरेट्सहरूका तोकिएका स्वास्थ्य केन्द्रहरूमा युएइका नागरिक एवं युएइमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरूका लागि निः शुल्क रूपमा उपलब्ध रहेको जनाएको पनि अनुरोध गर्दछौं ।

नेपाली राजदूतावास,
अबुधाबी

२०७७ पुस २६, आइतबार ।